# व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०८०

डुङ्गेश्वर गाउँपालिका क्षेत्र भित्र सञ्चालित एवम् सञ्चालन हुने विभिन्न व्यवसायिक गतिविधिलाई कानूनी दायरामा ल्याउन, व्यवसाय संचालन मार्फत गाउँपालिकाको आन्तरिक आम्दानीत्ताई समेत वृद्धि गर्न, स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रवर्द्धन गरी उपभोक्ता हित संरक्षण गर्न साथै उद्योग, कृषि, पशुपन्छीजन्य वस्तुहरूको उत्पादन वृद्धि, बजारिकरण, व्यवसायीकरणको माध्यमवाट आर्थिक विकास र समृद्धि हासित गर्न नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले स्थानीय सरकारलाई दिएको अधिकार क्षेत्रभित्र रही **व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०८०** तयार गरी लागु गरिएको छ।

## अनुच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नामः "**व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०८०**" हुनेछ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकावाट स्वीकृत भएको मिति देखि तुरून्त लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) **"कार्यालय"** भन्नाले डुङ्गेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डाँडापराजुल, दैलेखलाई सम्झनु पर्नेछ।

(२) "**वडा कार्यालय"** भन्नाले डुङ्गेश्वर गाउँपालिका अन्तर्गतका ६ वटै वडा कार्यालयहरूलाई सम्झनु पर्नेछ।

(३) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले डुङ्गेश्वर गाउँपालिका,गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ।

(४) **"व्यवसाय"** भन्नाले मुनाफा कमाउने उद्देश्यले दफा ४ बमोजिम विषयगत क्षेत्रका आर्थिक क्रियाकलापहरू सम्झनु पर्नेछ।

(५) **"व्यवसायी"** भन्नाले डुङ्गेश्वर गाउँपालिका क्षेत्र भित्र व्यवसाय गर्ने व्यक्ति, संस्थाहरूलाई सम्झनु पर्नेछ।

(६) **"कर"** भन्नाले गाउँपालिकासंग सम्बन्धित प्रचलित ऐन, नियमावली र यो कार्यविधि बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको व्यवसायमा पूँजीगत लगानी,आर्थिक कारोबार क्षेत्रगत एवम् व्यापारिक महत्त्वको आधारमा लगाउन सक्ने व्यवसायकरलाई सम्झिनु पर्छ र यो शब्दले व्यवसाय करको अतिरिक्त लाग्ने थप शुल्क, कर, दर्ता, जरिवाना समेतलाई जनाउँछ।

(७) **"कर दाता"** भन्नाले दफा ४ बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका व्यक्ति,फर्म वा संघ/संस्थालाई सम्झिनु पर्छ।

(८) **"क्षेत्र"** यस डुङ्गेश्वर गाउँपालिका क्षेत्र भित्रका व्यवसायहरूलाई यस कार्यविधिले समेट्नेछ।

३. **व्यवसाय दर्ता तथा मापदण्डः**

(१) गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यवसाय सञ्चालन गर्नु अघि यस कार्य विधि बमोजिम व्यवसाय दर्ता गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएता पनि यो कार्यविधि लागु हुनु अघि दर्ता प्रक्रियामा व्यवसाय दर्ता भएका व्यवसायलाई यसै कार्यविधि अनुसार मान्य हुनेछ।

(३) व्यवसाय सम्वन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ।

४. **व्यवसायका विषयगत क्षेत्रः** विषयगत क्षेत्र अन्तर्गत करका दायरा भित्र देहायका क्षेत्रहरू पर्नेछन्।

क) दैनिक उपभोग्य सामाग्रीहरू खाद्यान्न, थोक तथा खुद्रा पसल

ख) होटल व्यवसाय

ग) कृषि तथा पशुपन्छी फर्म

घ) नर्सरी फर्म

ङ) औषधी पसल/एग्रोभेट

घ) बधशाला/मासु पसल

छ) कानून व्यवसाय

ज) अनुसन्धान दर्ता परामर्श सेवा

झ) ड्राइभिङ्ग इन्सिच्युट

ञ) अन्य

## परिच्छेद २

## व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी व्यवस्था

५. **व्यवसाय दर्ताः**

(१) **व्यवसाय दर्ता गर्नुपर्नेः** व्यवसाय सञ्चालन गर्दा अनिवार्य दर्ता गर्नुपर्नेछ ।

६. **दर्ताका लागि आवश्यक कागजात तथा प्रमाणपत्र**

(१) व्यवसाय दर्ताका लागि व्यवसायीले देहायका कागजातहरू सहित अनुसूची (१) बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ।

क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी।

ख) व्यवसाय सञ्चालकको २ प्रति फोटो।

ग) व्यवसाय सञ्चालन हुने जग्गाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा कम्तीमा ५ वर्ष लिजमा लिएको खुल्ने सक्कल कागज।

घ) सम्बन्धित बडा कार्यालयको सिफारिस।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले त्यस उपर आवश्यक जाँचबुझ समेत गरी निर्धारण भए बमोजिमको वार्षिक कर एवम् अन्य दस्तुरहरू लिई व्यवसाय दर्ता गर्नेछ। गाउँसभाले पारित गरे अनुसार कर बुझाउने दायित्व व्यवसाय दर्ता गर्ने व्यक्ति, फर्म वा निजको प्रतिनिधिको हुनेछ।

(३) माथि उपदफा २ बमोजिम व्यवसाय दर्ता भए पछि कार्यालयले दर्ता भएको व्यवासयको विवरण व्यवासय दर्ता कितावमा उल्लेखगरी निवेदकलाई अनुसूचि-२ को ढाँचामा व्यवसाय दर्ता प्रमाण-पत्र उपलब्ध गराउनेछ।

(४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा बढी स्थानमा व्यवसाय सञ्चालन गर्नु पर्ने भएमा कार्यविधिले छुट्टै व्यवस्था गरेको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था गरेको अवस्थामा बाहेक छुट्टा-छुट्टै व्यवसाय दर्ता गराउनुपर्नेछ। तर शाखा वा थप कारोकार स्थलको लागि लाग्ने कर एकमुष्ट तिरी विभिन्न स्थानमा सञ्चालित व्यवसाय या शाखाहरू एउटै प्रमाण-पत्रमा खुलाउने गरी व्यवसाय दर्ता गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन्।

७. **व्यवसाय नवीकरण सम्बन्धी व्यवस्थाः** (१) दफा (६) बमोजिम दर्ता भएको व्यवसाय आर्थिक वर्ष शुरू भएको ३ महिना भित्र बार्षिक कर अग्रिम रूपमा तिरि प्रत्येक आर्थिक वर्षको लागि व्यवसाय नविकरण गर्ने पर्नेछ। व्यवसाय नविकरण लागि व्यवसायीले देहायका कागजातहरू सहित अनुसूची-३ बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन दिनु/गर्नु पर्नेछ।

(क) व्यवसाय नवीकरण पुस्तिका सक्कल ।

(ख) व्यवसाय दर्ता प्रमाण-पत्रको प्रतिलिपी।

(ख) व्यवसाय सञ्चालकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि।

(ग) मालपोत तिरेको रसिदको प्रतिलिपि

(२) रितपूर्वक निवेदन प्राप्त भएपछी गाउँकार्यपालिकाको कार्यालयले व्यवसाय नवीकरण गरी अनुसूची ४ बमोजिमको व्यवसाय नवीकरण पुस्तिकामा अभिलेख जनाईदिनुपर्नेछ ।

(३) **व्यवसाय दर्ता तथा नविकरण शुल्क र पुनरावलोकन सम्बन्धी व्यवस्थाः**

(१) व्यवसाय दर्ता/नविकरण सम्बन्धी शुल्क दस्तुर डुङ्गेश्वर गाउँपालिकाको राजस्व परामर्श समितिको सिफारिसमा गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(२) प्रत्येक आ.व.मा व्यवसाय दर्ता/नविकरण राजश्व शुल्क दस्तुर गाउँपालिकाले पुनाराबलोकन गर्न सक्नेछ।

८. **दर्ता प्रमाणपत्रको प्रतिलिपि दिन सकिनेः** व्यवसायको दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महतखाती नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनुपर्ने भएमा यस सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी कार्यालयको अभिलेखानुसार प्रतिलिपि दस्तुर लिई नयाँ प्रतिलिपि प्रमाणपत्र जारी गर्न सकिनेछ।

## परिच्छेद ३

## अनुगमन तथा कारवाही

९. **मूल्य सूची सम्बन्धी व्यवस्थाः** व्यवसायीहरूले अनिवार्य रूपमा उपभोक्ताहरूले प्रष्टसँग देख्ने गरी मूल्य सूची राख्नुपर्नेछ।

१०. **व्यवसाय अनुगमन सम्बन्धी व्यवस्थाः**

(१) यस गाउँपालिका भित्र सञ्चालन भएका व्यापार व्यवसायहरूलाई स्वस्थ व्यवस्थित बनाउन डुङ्गेश्वर गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका (कार्यविधि),२०७५ बमोजिम नियमित अनुगमन गरिनेछ।

११. **व्यवसाय दर्ता खारेज गर्न सकिनेः**

(१) यस कार्यविधि बमोजिम कर लाग्ने व्यवसाय दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्नु भन्दा अघिसम्म व्यवसाय रहेको मानि कर निर्धारण गरी कर असुल उपर गरिनेछ।

(३) यस कार्यविधि बमोजिम दर्ता भएको बन्द गर्नमा मनासिव कारण खोली व्यवसायीले सम्बन्धित वड़ा कार्यालयमा निवेदन दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको गाउँपालिकामा सिफारिस सहित पठाउनुपर्नेछ। गाउँपालिकाले कागजात अध्ययन गरी लगत कट्टा वापत लिइने सेवा शुल्क समेत असुल गरी लगत कट्टा गरिदिनुपर्नेछ।

(५) प्रचलित कानून विपरित कारोवार गरेमा वा पेशा व्यवसाय सञ्चालन गरेमा वा व्यवसाय सञ्चालन सम्बन्धमा कार्यालयले दिएको निर्देशन बारम्बार उलंघन गरेमा कार्यालयले व्यवसायको दर्ता खारेजी गरी बाँकी बक्यौता कर तथा जरिवाना सरकारी बाँकी सरह असुल गर्नेछ।

(६) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएता पनि व्यवसाय खारेजका वा लगत कट्टा गर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्ने पर्याप्त मौका दिनुपर्नेछ।

(७) यस दफा अन्तर्गतको उपदफा ५ बमोजिम कार्यालयले व्यवसाय दर्ता खारेज गरेमा व्यवसाय सम्बद्द व्यवसायीको नाम गाउँपालिकामा ३ वर्षसम्म कुनै पनि व्यवसाय दर्ता

गरी सञ्चालन गर्न नपाउने व्यवस्था गर्न सकिनेछ। साथै त्यस्ता व्यवसायीको विवरण सार्वजनिक गरिनेछ।

१२. **कारवाही र जरिवाना सम्बन्धी व्यवरथाः**

(१) कार्यविधिले तोकिएको समय भित्र कर नबुझाएमा,कर बुझाउने दायित्व भएको बार्थिक वर्षको लागि सम्बन्धित आर्थिक वर्षको अन्तसम्मको लागि लाग्ने करमा ५० प्रतिशत जरिवाना लिई असुल उपर गरिनेछ।

(२) एक आर्थिक वर्ष समाप्त भएपछि पनि कर नबुझाएमा कार्यालयले प्रत्येक आर्थिक वर्षको लागि लाग्ने कर रकमको बार्षिक १०० प्रतिशतका दरले जरिवाना लगाई कर तथा जरिवाना रकम असुल उपर गरिनेछ। (कृषि र पशु व्यवसायको हकमा वार्षिक ऐन अनुसार हुनेछ।

(३) व्यवसाय तथा बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय वमोजिमको जरिवाना गरिनेछ।

| | |
|---|---|
| क) मूल्य सूची नराखेमा | रू. ५००।- |
| २) प्रमाणपत्र नराखेमा | रू.५००।- |
| ग) म्याद नाघेका सामग्री बेचविखन गरेमा, | रू.१५००।- |
| घ) अधिकतम खुद्रा मुल्य भन्दा बढी मूल्यमा सामग्री बेचविखन गरेमा, | रू.१०००।- |
| ड) प्रदुषित, फोहोर सामग्री बेचविखन गरेमा, | रू.१०००।- |

(४) उपदफा (३) बमोजिम जरिवाना गरिसके पश्चात पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायीहरूलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ।

(५) व्यवसाय दर्ता/नविकरण नगरी सकलन गरेमा कारबाही हुनेः

(१) प्रचलित कानून र यस कार्यविधि बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय गाउँपलिका क्षेत्रभित्र सञ्चालन गरेको पाइएमा वड़ा कार्यालय वा कार्यालयले सम्बन्धित व्यवसायी ३५ दिनको म्याद दिई व्यवसाय दर्ता गर्नका लागि पत्राचार गर्नुपर्नेछ।

(२) उपदफा (१) वमोजिम व्यवसाय दर्ताका लागि जनाउ दिएको ३५ दिन भित्र कार्यालयमा गई व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिको हकमा गाउँपालिकावाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरू बन्द गर्न सक्नेछ। साथै नेपाल सरकारको सहयोग लिई सरकारी निकाय तथा अन्य सार्वजनिक संस्थानबाट प्रवाह हुने सेवा सुविधाहरू बन्द गर्न सकिनेछ।

(३) उपदफा (२) वमोजिम सेवा सुविधा रोका राखेपछि पनि ३ महिना भित्र पनि व्यवसाय दर्ता नविकरण नगरी व्यवसाय सञ्चालन गरेमा सम्वन्धित कार्यालयले कर तिर्न अटेर गर्ने व्यवसायीको व्यवसाय बन्द गरी लाग्ने कर,जरिवाना र अन्य दस्तुर प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ।

## परिच्छेद-४
## विविध

**१४. कार्यालयले विवरण माग गर्न र निर्देशन दिन सक्नेः**

(१) कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा बुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्नसक्नेछ। यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलमा गई आवश्यक जाँचबुझ गर्न सक्नेछ।

(३) यस कार्यविधि बमोजिम दर्ता भएका पेशा, व्यवसाय सञ्चालन गर्दा सामाजिक सदाचार कायम राख्नुपर्नेछ।

(४) यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ।

**१५. बाधा अड्काउ सम्बन्धी व्यवस्थाः**

(१) यस कार्यविधि कार्यान्वयको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँपालिकालाई हुनेछ।

(२) प्रचलित ऐन,नियम र यस कार्यविधिको मूलभूत कुरालाई असर पर्ने गरी माथि (१) बमोजिमको बाधा फुकाउने अधिकारको प्रयोग गर्न सकिने छैन।

अनुसूची-१

(दफा ६ उपदफा १ सँग सम्बन्धित)

मितिः ............/......./...

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
डुङ्गेश्वर गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,डाँडापराजुल,दैलेख।

**विषयःव्यवसाय दर्ता सम्बन्धमा।**

मैले/हामीले निम्न स्थानमा सञ्चालन गर्न लागेको व्यवसाय दर्ता गर्न/सञ्चालन गरेको व्यवसाय नवीकरण गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौं। नियमानुसार लाग्ने कर बुझाउनुको साथै गाउँपालिकाबाट समय-समयमा दिइने आदेश/निर्देशन समेत पालना गर्न मञ्जुर छु/छौं।साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरू ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कारवाही भएमा मञ्जुर छु/छौं।

१. व्यवसायीको नाम थरः.......................................

२. व्यवसायीको स्थायी ठेगानाः
जिल्लाः................न.पा./गा.पा................वडानं.:.......... टोलः.....................

३. व्यवसायीको पिता/पति/पत्निको नामथरः....................................

४. व्यवसाय सञ्चालन हुने स्थानः
जिल्लाः................न.पा./गा.पा............. वडा नं.:..........टोल .....................

५. सम्पर्क नं.:................................... इमेलः............................................

६. व्यवसाय रहने जग्गाको जग्गा धनीको नामः...............................................

७. जग्गा धनीको ठेगानाः
जिल्लाः............... न.पा./गा.पा................ वडा नं.:.......... टोल ................

९. लगानी पूँजी रू.:

१०. व्यवसायको नामः

११.अन्यत्र दर्ता भएको भए दर्ता नं.: .........            कार्यालयः..........................

**संलग्न कागजातहरूः**

क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी।

ख) व्यवसाय सञ्चालकको २ प्रति फोटो।

ग) व्यवसाय सञ्चालन हुने जग्गाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी वा कम्तीमा १० वर्ष लिजमा लिइएको खुल्ने सक्कल कागज।

घ) स्थानीय उद्योग वाणिज्य संघको सिफारिस(कृषि तथा पशुजन्य व्यवसायका लागि आवश्यकता अनुसार मात्र)

ङ) चालु आ.व.मा मालपोत तिरेको रसिदको प्रतितिपी।

च) व्यवसाय सञ्चालन हुने वा भएको स्थानको २ प्रति फोटो।

छ) सम्बन्धित वडा कार्यालयको सिफारिस।

-------------------

निवेदकको दस्तखत

अनुसूची २

(दफा ६ उपदफा ३ सँग सम्बन्धित)

डुङ्गेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

डाँडापराजु,दैलेख

कर्णाली प्रदेश, नेपाल।

प्रमाण पत्र दर्ता नं. : दर्ता मितिः.........

फोटो

**<u>सेवा/समूह/फर्म/व्यवसाय दर्ता प्रमाण-पत्र</u>**

................जिल्ला .................. बस्ने तपाई श्री ................................लाई डुङ्गेश्वर गाउँपालिकाको **"व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०८०"** बमोजिम निजको नाममा निम्न विवरण अनुसारको **सेवा/समूह/फर्म/व्यवसाय** दर्ता गरी यो प्रमाणपत्र जारी गरिएको छ।

१. सेवा/ फर्म/ संस्था/व्यवसायको नामः

२. ठेगानाः

३. कारोबारको किसिमः

४. संचालकको नामः

५. संचालकको ठेगानाः

६. घरधनीको ठेगानाः

७. जम्मा पूजीः

८. **व्यवसायको प्रकृति :**

९. **व्यवसायको वर्गिकरण :**

१०. अन्य कारोबारको विवरणः

............. ................. ..................

**संचालक** **तयार गर्ने** **जारी गर्ने**

१. यो प्रमाण पत्रको म्याद व्यवसाय दर्ता गरिएको आर्थिक वर्षको अन्तसम्म र त्यसपछी प्रत्येक पटक नविकरण भए मुताविक बहाल रहने भएकोले अवधि समाप्त हुनु अगावै अनिवार्य रुपमा नवीकरण गरिसक्नु पर्नेछ ।
२. कारोवार गर्ने मुख्य चिज वस्तुको विवरण र पालना गर्नुपर्ने अन्य शर्तहरु यसै प्रमाणपत्रसाथ संलग्न प्रत्रमा उल्लेख भएबमोजिम हुनेछ ।
३. व्यवसायको लागि अनुमति लिनुपर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेपछफ मात्र कार्य गर्नु पर्नेछ ।यसै दर्तालाई नै उदेश्य कार्यान्वयन गर्न इजाजत प्रदान गरेको मानिने छैन ।
४. सम्पत्ति शुद्धिकरण निवारण ऐन तथा अपराधिक कार्यमा लगानी नियन्त्रण सम्बन्धी कानून वा सो अन्तरगत बनेका नियम निर्देशन आदेश वा सम्बन्धित निकायको नियमन निर्देशन र सुपरिवेक्षणको पालना गर्नुपर्नेछ ।

अनुसूची-३

(दफा ७ उपदफा १ सँग सम्बन्धित)

मितिः ............/......./...

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

डुङ्गेश्वर गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,डाँडापराजुल,दैलेख।

**विषयः व्यवसाय नविकरण सम्बन्धमा।**

मैले/हामीले निम्न स्थानमा सञ्चालन गर्न लागेको व्यवसाय दर्ता गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/आएका छौं।नियमानुसार लाग्ने कर बुझाउनुको साथै गाउँपालिकाबाट समय-समयमा दिइने आदेश/निर्देशन समेत पालना गर्न मञ्जुर छु/छौं। साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरू ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कारवाही भएमा मञ्जुर छु/छौं।

१. व्यवसायीको नाम थरः......................................

२. व्यवसायीको स्थायी ठेगानाः

जिल्लाः................ न.पा./गा.पा.............. वडा नं.ः....... टोलः.................

३. व्यवसायीको पिता/पति/पत्निको नामथरः...................................

४. व्यवसाय सञ्चालन हुने स्थानः

जिल्लाः..................न.पा./गा.पा............... वडा नं.ः......... टोल...............

५. सम्पर्क नं............................ इमेलः...........................................

६. व्यवसाय रहने जग्गाको जग्गा धनीको नामः............................................

७. जग्गा धनीको ठेगानाः

जिल्लाः.................न.पा./गा.पाः.............. वडा नं.ः......... टोलः...............

८. व्यवसायको प्रकृतिः............................

९. लगानी पूँजी रू.ः

१०. व्यवसायको नामः

११. तहाँ कार्यालयमा दर्ता भएको दर्ता नं.ः........ /कार्यालयः..........................

**संलग्न कागजातहरूः**

(१) व्यवसाय दर्ता प्रमाण-पत्रको सक्कल।

(२) व्यवसाय सञ्चालकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी।

(३) चालु आ.व.मा मालपोत तिरेको रसिदको प्रतिलिपी।

(४) व्यवसाय सञ्चालन हुने वा भएको स्थानको २ प्रति फोटो।

(५) स्थानीय उद्योग बाणिज्य संघको सिफारिस (कृषि तथा पशुजन्य व्यवसायका लागि आवश्यकता अनुसार मात्र)

(६) सम्बन्धित वडा कार्यालयको सिफारिस।

-------------------

निवेदकको दस्तखत

अनुसूची-४

(दफा ७ उपदफा २ सँग सम्बन्धित)

डुङ्गेश्वर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

डाँडापराजुल, दैलेख

कर्णाली प्रदेश, नेपाल

**सेवा/समूह/फर्म/व्यवसाय नवीकरण पुस्तिका**

१. सेवा/ फर्म/ संस्था/व्यवसायको नामः

२. दर्ता नं:

३. ठेगानाः

४. कारोबारको किसिमः

५. संचालकको नामः

६. संचालकको ठेगानाः

७. जम्मा पूजीः

८. **व्यवसायको प्रकृति :**

९. **व्यवसायको वर्गिकरण :**

१०. अन्य कारोबारको विवरणः

| क्र.सं. | आर्थिक वर्ष | नविकरण गरेको मिति | कर तथा शुल्क र जरिवाना तिरेको रसिद नं./ मिति | नवीकरण गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

<u>व्यवसायीहरुमा अनुरोध</u>

१. व्यवसायीले प्रत्येक आर्थिक वर्षको लागि तोकिएको व्यवसाय कर उक्त आ.व. को असोज महिना भित्र बुझाई प्रमाणपत्र नवीकरण गर्नुपर्नेछ। गाउँपालिकाको स्थलगत रूपमा व्यवसाय कर टोली खटाइएको अवस्थामा व्यवसायको कार्यस्थलमै व्यवसाय प्रमाणपत्र नवीकरण गर्न सकिनेछ।

२. व्यवसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा बड़ा कार्यालयको सिफारिसमा गाउँपालिकाचाट पूर्व स्वीकृति लिनुपर्नेछ।

३. व्यवसाय बन्द गर्नु परेमा व्यवसायीले गाउँपालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिसमा कर इकाईबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रूपमा लिनुपर्नेछ। अन्यथा व्यवसाय चालु नै रहेको मानी सालबसाली रूपमा कर लाग्नेछ।

४. यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राजु पर्नेछ। यस्तो प्रमाणपत्र गाउँपालिकाको कर्मचारीहरूले हेर्न चाहेको बखतमा तुरून्त देखाउनु पर्नेछ।
५. व्यवसायिक गतिविधि संचालन गर्दा बाल श्रमिकहरू प्रयोग गर्न पाइने छैन। यदि सो गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ ।
६. व्यवसायबाट उत्पादन हुने फोहोरमैला उचित व्यवस्थापन गर्ने दायित्व व्यवसायी स्वयंको हुनेछ।
७. व्यवसाय संचालनको सिलसिलामा गाउँपालिकाबाट समय समयमा दिने निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ।
८. उल्लेखित शर्तनामाहरू पालना नगरेमा गाउँपालिकाले जुनसुकै बखतमा पनि यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्दको कारबाही समेत गर्न सक्नेछ।
९. यो प्रमाणपत्र गाउँपालिकाको स्थानीय कर प्रयोजनको लागि जारी गरिएको हो। कुनै पेशा वा व्यवसाय प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति लिएर मात्र संचालन गर्नुपर्ने भएमा सो समेत लिएर मात्र संचालनमा गर्नु पर्नेछ।